## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत
## पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना** : सामुदायिक विद्यालयमा अध्ययनरत स्वआर्जन गरी अध्ययन गर्न इच्छुक तथा गरिबीको कारणबाट आय आर्जन गरी पढ्नु पर्ने अवस्थामा रहेका विद्यार्थीहरुमा उद्यमशीलता, स्वावलम्बन, प्राविधिक सिप तथा व्यावसायिक सोच विकास गरी आत्मनिर्भर बनाउन र पाठ्यक्रममा आधारित गुणस्तरीय शिक्षाको सुनिश्चत गर्दै पढाइलाई निरन्तरता दिन साधारण र प्राविधिक तथा व्यवसायीक धारका विद्यालय मार्फत आय आर्जनको अवसर प्रदान गरी **पढ्दै कमाउँदै कार्यक्रम** सरल, सहज र प्रभावकारी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "इकाइ" भन्नाले जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले पाठ्यक्रममा आधारित भएर प्रदान गरिने पढ्दै कमाउँदै कार्यक्रम सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(घ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालयको रुपमा स्थापना भई सञ्चालनमा रहेको विद्यालय सम्झनु पर्छ र सो शब्दले प्राविधिक तथा व्यावसायिक धारमा सञ्चालन भएका सामुदायिक विद्यालय समेतलाई जनाउँछ ।

(ङ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ ।

(छ) "समिति" भन्नाले दफा ११ बमोजिमको निर्देशक समिति सम्झनु पर्दछ ।

३. **कार्यक्रमको उद्देश्य** : (१) कार्यक्रमको प्रमुख उद्देश्य शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी भविष्यमा उद्यमी, व्यवसायिक, सिपयुक्त एवं स्वावलम्बी नागरिक बन्न सहयोग पुऱ्याउने रहेको छ।

(२) कार्यक्रमका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) गरिबीको रेखामुनि रहेका समुदायका विद्यार्थी र स्वआर्जन गरी अध्ययन गर्न इच्छुक विद्यार्थीलाई विद्यालयमा अध्ययनको अतिरिक्त आयमूलक कार्य गरी पढ्न पाउने उपयुक्त वातावरण तयार गर्नु,

(ख) नियमित सिकाइको क्रममा नै कार्यस्थलको अनुभव दिलाउने गरी विद्यालयमा यन्त्र उपकरण वा आवश्यक पूर्वाधार निर्माणका लागि सहयोग गर्नु,

(ग) विद्यार्थीद्वारा उत्पादन भएका खाद्यान्न, तरकारी, फलफूल लगायतका वस्तुलाई विद्यालयमा दिवा खाजामा उपयोग गर्न तथा स्थानीय बजारमा विक्री वितरणको उपयुक्त वातावरण तयार गर्नु,

(घ) विद्यालयमा उत्पादन तथा सेवा इकाइको स्थापना गरी सो इकाईलाई शिक्षक/प्रशिक्षक एवं विद्यार्थी सहभागितामा सञ्चालन गरी आय आर्जनको केन्द्रको रुपमा स्थापित गर्नु,

(ङ) पाठ्यक्रममा आधारित हुनेगरी सिकाइसँगै वस्तु तथा सेवाको उत्पादनमा विद्यार्थीहरुलाई संलग्न गराई श्रमप्रति सचेतना बढाई अभिप्रेरित गर्दै स्वरोजगार र उद्यमशील हुन प्रोत्साहित गर्नु,

४. **<u>कार्यक्रम सञ्चालन हुने क्षेत्र र समयावधि</u>** : (१) मुलुकभरका सामुदायिक विद्यालयबाट छनौट भएका विद्यालयमा कार्यक्रम सञ्चालन हुनेछ।

(२) कार्यक्रम सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी लक्षित हुनेछ ।

(३) कार्यक्रमको समयावधि सम्झौतामा निर्धारण भए बमोजिम हुनेछ ।

## परिच्छेद-२

## विद्यालय छनोट र अनुदान निर्धारण

५. **सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने:** (१) कार्यक्रम सञ्चालन गर्ने विद्यालय छनौटको लागि केन्द्रले राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा १५ दिनको म्याद दिई प्रस्ताव पेश गर्न सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाका आधारमा कार्यक्रममा सहभागी हुन ईच्छुक विद्यालयले अनुसूची -१ बमोजिमको ढाँचामा आवेदन फारम भरी स्थानीय तहको सिफारिस सहित म्यादभित्र सम्बन्धित इकाईमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्न ईच्छुक विद्यालयले देहाय बमोजिमको आधारहरु पुरा गरेको हुनु पर्नेछः-

(क) कार्यक्रम सञ्चालनका लागि प्रचलित कानून बमोजिम निर्धारित न्यूनतम विद्यार्थी संख्या पुरा भएको,

(ख) सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न प्रतिवद्धता पत्र उपलब्ध गराएको,

(ग) प्रस्तावित कार्यक्रमको लागि आवश्यक पर्ने अनुसूची-१ बमोजिमको जग्गा तथा अन्य पूर्वाधार भएको,

(घ) स्थानीय हावापानी र भूगोल अनुरुप हुने गरी वस्तु तथा सेवा उत्पादनका लागि कार्यक्रम प्रस्ताव भएको ।

६. **प्रस्तावको मूल्याङ्कन तथा सिफारिस** : (१) केन्द्रले कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयबाट पेश भएका प्रस्तावलाई मूल्याङ्कन तथा प्राथमिकीकरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका प्रस्तावको मूल्याङ्कन र प्राथमिकताको आधार अनुसूची - २ मा उल्लेखित मापदण्ड बमोजिम हुनेछ ।

(३) कार्यक्रम सञ्चालनको लागि प्राप्त हुन आएका प्रस्तावको मूल्याङ्कन र सिफारिसका लागि प्राथमिकताक्रम निर्धारण गर्न केन्द्रले आवश्कतानुसार उपसमिति वा स्थलगत अध्ययन टोली गठन गर्न सक्नेछ ।

(४) केन्द्रले प्राप्त प्रस्तावहरु उपर उपदफा (१), (२) र (३) बमोजिम मूल्याङ्कन गरी प्राथमिकताक्रमका साथ छनौटको लागि समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

७. **विद्यालय छनौट तथा अनुदान निर्धारण** : (१) समितिले दफा ६ बमोजिम प्राथमिकताक्रमका साथ सिफारिस भई आएका विद्यालयहरुमध्येबाट कार्यक्रम सञ्चालन गर्ने विद्यालयको छनौट गर्नेछ।

(२) समितिले विद्यालयको छनोट गर्दा केन्द्रबाट सिफारिस भएका विद्यालयहरुमध्येबाट शहरी क्षेत्रमा सेवा र ग्रामीण क्षेत्रमा कृषिलाई प्राथमिकतामा राखी प्रदेशगत तथा विषयगत वितरणलाई समेत मध्यनजर गरी विद्यालय छनोट गर्नेछ ।

(३) केन्द्रले उपदफा (२) बमोजिमको छनोटको जानकारी सम्बन्धित स्थानीय तह र विद्यालयलाई दिनेछ ।

(४) समितिले बिषयगत आवश्यकताका आधारमा विद्यालय संख्या थपघट गर्न सक्नेछ।

(५) विद्यालयको लागि प्रदान गरिने अनुदान रकमको निर्धारण गर्दा स्वीकृत बजेट, विद्यालयमा सञ्चालन हुने कार्यक्रमको प्रकृति तथा कार्यक्रम सङ्ख्या, कार्यक्रममा सहभागि हुने विद्यार्थी सङ्ख्या र विद्यालयको आवश्यकता समेतलाई आधार मानिने छ ।

८. **अनुदान निकासा, सम्झौता तथा कार्यक्रम कार्यान्वयन:** (१) कार्यक्रम सञ्चालनका लागि छनौट भएका विद्यालयमा कार्यक्रम सञ्चालन गर्न शुरुमा ५० प्रतिशत रकम स्थानीय तहमा सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण गरिनेछ । बाँकी रकम विद्यालयको कार्यप्रगतिको आधारमा उपलब्ध गराइनेछ ।

(२) स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका विद्यालयसँग सम्झौता गरी अनुदान रकम निकासा गर्नेछ।

(३) विद्यालयमा सञ्चालन गरिने कार्यक्रमको सञ्चालन प्रक्रियाका लागि यस कार्यविधिको परिधिभित्र रही स्थानीय तहले आवश्यकता अनुसार थप कार्यविधि बनाई स्रोतको परिचालन गर्न सक्नेछ।

(४) नेपाल सरकार एवं प्रदेश सरकारबाट भएको वित्तीय हस्तान्तरणको अतिरिक्त स्थानीय तहले लागत साझेदारीको रुपमा बजेट थप गर्न सक्नेछ ।

(५) विद्यालयको कार्य प्रगति तथा उपलब्धिको आधारमा थप बजेट निकासाका लागि स्थानीय तहले कार्यान्वयन सहजीकरण समितिमा पेश गर्नेछ । कार्यान्वयन सहजीकरण समितिले सो विषयमा अध्ययन गरी थप बजेट निकासाका लागि केन्द्रमा सिफारिश गर्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान प्राप्त गरी सम्झौता बमोजिम कार्य सञ्चालन नगर्ने विद्यालयले पहिले निकासा भएको बजेट स्थानीय तहमा फिर्ता गर्नु पर्नेछ । स्थानीय तहले उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद - ३
## कार्यक्रम सञ्चालन क्षेत्र र क्रियाकलाप

९. **अनुदान उपलब्ध गराइने क्षेत्रहरु :** दफा ७ बमोजिम कार्यक्रम सञ्चालनको लागि छनोट भएका विद्यालयलाई सम्बन्धित स्थानीय तह मार्फत पेश गरेको प्रस्ताव र आवश्यकताका आधारमा देहाय बमोजिमको क्षेत्रमा सशर्त अनुदानको रुपमा रकम उपलब्ध गराइनेछ :-

(क) कृषि (बाली विज्ञान/पशु विज्ञान/वागबानी),

(ख) इन्जिनियरिङ (सिभिल/इलेक्ट्रीकल/कम्प्युटर),

(ग) पर्यटन तथा हस्पिटालिटी,

(घ) वन तथा वातावरण,

(ङ) निर्माण,

(च) अटोमोबाइल,

(छ) व्यवसायीक कीट (मौरी पालन ,च्याउ र रेसम खेती)

(ज) अन्य ।

१०. **अनुदान खर्च गरिने क्रियाकलाप:** (१) यस कार्यविधि बमोजिम छनौट भई अनुदान प्राप्त गर्ने विद्यालयले कार्ययोजना सहितको प्रस्ताव र स्थानीय तहसँग भएको सम्झौताको अधीनमा रही देहायका शीर्षकमा अनुदान रकम खर्च गर्न सक्नेछ:-

(क) उत्पादन तथा सेवा इकाइ सञ्चालनका लागि विद्यालयको स्वामित्वमा रहेको वा भाडामा लिएको जग्गामा उत्पादनमूलक प्रकृतिको संरचना तयार गर्न,

(ख) उत्पादन तथा सेवा इकाइका लागि आवश्यक पर्ने औजार उपकरण तथा अन्य समान खरिद गर्न र कार्यस्थलसँग सम्बन्धित प्रयोगशाला वा वर्कशप स्थापना गर्न,

(ग) पढ्दै कमाउँदै कार्यक्रमको उद्देश्य अनुरुप विद्यार्थीको सक्रियतामा विद्यालयको जग्गामा वा विद्यार्थीले आफ्नै जमिनमा वस्तु उत्पादन गरी विक्री वितरण गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी प्रकृतिका भौतिक पूर्वाधार संरचना निर्माणका लागि अनुदान रकम खर्च गर्न पाइने छैन।

## परिच्छेद - ४
## निर्देशक समिति, कार्यान्वय समिति र सम्बद्ध निकायको भूमिका

११. **निर्देशक समिति** : (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड स्वीकृत, निर्देशन, सहजीकरण एवम् समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :–

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) सदस्य (शिक्षा हेर्ने) राष्ट्रिय योजना आयोग - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) सदस्य सचिव, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद परिषद -सदस्य

(ङ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी वा सो भन्दा माथि), अर्थ मन्त्रालय -सदस्य

(च) प्रतिनिधि (रा.प. प्रथम श्रेणी वा सो भन्दा माथि) कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(छ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी वा सो भन्दा माथि) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ज) प्रदेश सामाजिक विकास मन्त्रालयका सचिवहरुमध्येबाट मन्त्रालयले तोकेको एक जना -सदस्य

(झ) सहसचिव, प्राविधिक शिक्षा महाशाखा, मन्त्रालय -सदस्य

(ञ) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र -सदस्य

(ट) प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम विज्ञहरुमध्येबाट मन्त्रालयले तोकेको एक जना महिला सहित दुई जना - सदस्य

(ठ) महानिर्देशक, केन्द्र -सदस्य-सचिव

(३) समितिको बैठकमा आवश्यकतानुसार सरोकारवाला निकायका प्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(५) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन तथा सहजीकरण गर्ने,

(ख) स्वीकृत मापदण्ड अन्तर्गत विद्यालय छनोट तथा अनुदान रकम निर्धारण गर्ने विषयमा निर्णय लिने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने,

(ङ) आवश्यकता अनुरुप कार्यक्रमको नतिजामूलक अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने।

(च) आवश्यकता अनुरुपको उपसमितिहरु गठन गर्ने ।

१३. **<u>समन्वय समिति</u>** :(१) कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको समन्वय समिति रहने छः-

(क) महानिर्देशक, केन्द्र - अध्यक्ष

(ख) सचिव, कार्यक्रम सञ्चालन हुने प्रदेशको सामाजिक विकास मन्त्रालय - सदस्य

(ग) उपसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय - सदस्य

(घ) उद्योग बाणिज्य महासंघको प्रतिनिधि (सामाजिक क्षेत्र हेर्ने), - सदस्य

(घ) उपसचिव, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् - सदस्य

(ङ) प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रसँग सम्बन्धित विज्ञ एक जना - सदस्य

(च) निर्देशक (योजना तथा बजेट हेर्ने), केन्द्र -सदस्य सचिव

(२) समन्वय समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवाला निकायका प्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

१४. **<u>समन्वय समितिको काम, कर्तव्य र अधिकार:</u> (१)** समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन गर्न कार्ययोजना स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्ने,

(ख) विद्यालय छनौटको प्राथमिकता निर्धारण गरी लागि निर्देशक समितिमा पेश गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरुको समाधानका लागि समन्वय गर्ने, गराउने,

(घ) कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने, गराउने, ।

(२) समन्वय समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ

(३) समन्वय समितिको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

(४) समन्वय समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **<u>कार्यान्वयन सहजीकरण समिति:</u>** (१) कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको कार्यान्वयन सहजिकरण समिति रहने छ :-

(क)इकाई प्रमुख, इकाई - अध्यक्ष

(ख)प्रतिनिधि, जिल्ला समन्वय समिति - सदस्य

(ग) प्रतिनिधि, कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह - सदस्य

(घ) प्रतिनिधि, सम्बन्धित जिल्लास्थित उद्योग बाणिज्य महासंघ - सदस्य

(ङ) शाखा अधिकृत, इकाई -सदस्य सचिव

(२) कार्यान्वयन समितिको बैठकमा आवश्यकता अनुसार बस्नेछ र उक्त बैठकमा सरोकारवाला निकायका प्रतिनिधि,सम्बन्धित क्षेत्रका विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

१६. **<u>कार्यान्वयन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार:</u>** कार्यान्वयन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

**(क)** कार्यक्रम कार्यान्वयनको लागि विद्यालय तथा स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्ने,

(ख) विद्यालयको कार्य प्रगति तथा उपलव्धीको आधारमा थप बजेट निकासाका लागि स्थानीय तहबाट माग भई आएको आधारमा केद्रमा सिफारिस गर्ने,

(ग) नियमित अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।

१७. **मन्त्रालयको भूमिका** : कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक मापदण्ड तयार गर्ने,

(ख) कार्यक्रम सञ्चालन गर्ने विद्यालय छनोटका सम्बन्धमा अन्य आवश्यक कार्य र बजेट बाँडफाँड सम्बन्धी कार्य गर्ने,

(ग) छनोट भएका विद्यालयले पाउने अनुदान निर्धारण गर्ने र वित्तीय हस्तान्तरणका लागि अर्थ मन्त्रालयमा प्रस्ताव गर्ने,

(घ) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित स्थानीयतहसँग आवश्यक समन्वय गर्ने,

(ङ) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने गराउने,

(च) कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक निर्णय गर्ने,

(छ) कार्यान्वयन सहजीकरण समिति र समन्वय समितिबाट विद्यालयको कार्यप्रगतिका आधारमा सिफारिस भै आएका विद्यालयलाई थप बजेट निकासा प्रदान गर्ने।

१८. **केन्द्रको भूमिका** : कार्यक्रम कार्यान्वयनका लागि केन्द्रको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम सञ्चालन सम्बन्धमा स्वीकृत कार्यविधि अनुसार सूचना प्रकाशन गरी विद्यालयबाट प्रस्ताव माग गर्ने,

(ख) प्राप्त प्रस्तावलाई मूल्याङ्कन गर्ने, गराउने,

(ग) मूल्याङ्कन भएका प्रस्तावहरु प्राथमिकता सहित समितिमा पेश गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित विद्यालय रहेको स्थानीय तहमा बजेट र कार्यक्रम वित्तीय हस्तान्तरण गर्न बजेट बाँडफाँड तथा स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको मार्गदर्शनका लागि कार्यक्रम कार्यान्वयन योजना स्वीकृत गरी छपाइ, वितरण र अभिमुखीकरण गर्ने,

(च) कार्यविधिमा निर्धारण भएको प्रावधान बमोजिम कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने,

(छ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने, गराउने,

(ज) स्थानीय तहवाट प्राप्त प्रतिवेदनहरु एकीकृत गरी नियमित रुपमा मन्त्रालयमा पेश गर्ने,

(झ) समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१९. **<u>प्रदेश सरकारको भूमिका</u>** : कार्यक्रम कार्यान्वयनका लागि प्रदेशको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) स्थानीय तहसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गर्ने,

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ग) प्रदेश सरकारबाट बजेट व्यवस्थापन भएका विद्यालयमा सञ्चालित कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गर्ने ।

२०. **<u>इकाइको भूमिका</u>**: इकाइको भूमिका देहाय बमोजिमको हुनेछः-

(क) कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार विद्यालयले पेश गरी स्थानीयतहवाट सिफारिश भएका आवेदन फारामहरु संकलन गरी राय सहित केन्द्रमा पेश गर्ने,

(ख) कार्यक्रम सञ्चालनका लागि विद्यालय र स्थानीय तहसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ग) सञ्चालित कार्यक्रमको अनुगमन गरी विद्यालयलाई आवश्यक पृष्ठपोषण प्रदान गर्ने तथा नियमित रुपमा केन्द्रमा प्रतिवेदन पेश गर्ने।

२१. **<u>स्थानीय तहको भूमिका</u>** : (१) विद्यालयमा छनोट भएका कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) विद्यालयबाट प्राप्त प्रस्ताव सहितको वार्षिक कार्ययोजना स्वीकृत गर्ने,

(ख) सम्बन्धित विद्यालयको बैंक खातामा बजेट निकासा गर्ने,

(ग) स्थानीय उद्योग वाणिज्य महासंघ लगायत व्यावसायिक संघ संस्थाहरुसँग बजार व्यवस्थापनका विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) उत्पादनमूलक कार्यमा प्रयोग हुने गरी विद्यालयले निश्चित समयका लागि लिजमा जग्गा प्राप्त गर्न चाहेमा सहजीकरण गर्ने,

(ङ) विद्यालयको उत्पादन तथा सेवा इकाइबाट सञ्चालित उत्पादनमूलक व्यावसायका लागि स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थ उपलब्ध गराउन सहजीकरण गर्ने,

(च) आवश्यकता अनुसार स्थानीय तहमा खरिद विक्री केन्द्र स्थापना गर्ने,

(छ) स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ सस्थाहरुसँग समन्वय गरी अन्य थप विद्यालयमा कार्यक्रम विस्तार गर्ने,

(ज) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयले पेश गरेको कार्यविधि स्वीकृत गर्ने,

(झ) स्थानीय तहभित्र खरिद विक्री केन्द्र व्यवस्थापन गरी विद्यालयलाई आवश्यक पर्ने वस्तु खरिद र विद्यालयद्धारा उत्पादित वस्तुको विक्री वितरणको लागि उपयुक्त वातावरण तयार गर्ने,

(ञ) कार्यक्रम सञ्चालनका लागि संघीय एवं प्रदेश सरकारबाट विशेष अनुदान प्राप्तिको लागि आवश्यक समन्वय गर्ने,

(ट) कार्यक्रम सञ्चालनका लागि विद्यालयको प्रस्तावको आधारमा जोडकोष रकम उपलब्ध गराउने,

(ठ) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयलाई आवश्यक पर्ने थप स्रोत साझेदारीका रुपमा व्यवस्था गर्ने,

(ड) विद्यालयमा सञ्चालित कार्यक्रमको विषय प्रकृतिको आधारमा नेपाल सरकार एवं प्रदेश सरकारका विषयगत मन्त्रालयहरु तथा अन्तर स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(ढ) विद्यालयवाट प्राप्त प्रतिवेदन एकिकृत गरी नियमित रुपमा केन्द्र र प्रदेशमा पेश गर्ने,

(ण) कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन गर्ने ।

२२. **<u>विद्यालयको भूमिका</u>** : कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) प्राप्त अनुदानको बजेट बाँडफाँड गरी सोही आर्थिक वर्षमा खर्च गर्ने,

(ख) विद्यार्थीले उत्पादन गरेका खाद्यान्न, तरकारी, फलफूल, मासुजन्य पदार्थ र अन्य वस्तु तथा सेवालाई दिवा खाजाको रुपमा विद्यालयमा उपयोग गर्ने वा स्थानीय बजारमा विक्री वितरण गर्न स्थानीय उद्योगी व्यवसायीहरुसँग आवश्यक समन्वय गर्ने,

(ग) उत्पादन तथा सेवा इकाइमा भएका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्ने, आवश्यक राय, सल्लाह र सुझाव दिने,

(घ) उत्पादन तथा सेवा इकाई सञ्चालनका क्रममा देखिएका समस्या तथा समाधानका विषयमा छलफल गरी आवश्यक निर्णय लिने,

(ङ) कार्यक्रमको मूलप्रवाहमा नआएका विद्यार्थीहरुद्धारा आफ्नै घर वा करेसाबारीमा उत्पादित बस्तुलाई समेत उत्पादन तथा सेवा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाई अध्ययनका लागि प्रोत्साहित गर्ने,

(च) वस्तु तथा सेवा उत्पादन गर्ने गरी विद्यालयको जग्गा र प्राप्त स्रोतलाई उपयोगमा ल्याउने,

(छ) कार्यक्रममा कार्यान्वयनको क्रममा कुनै समस्या देखिएमा कार्यान्वयन सहजीकरण समितिसँग समन्वय गरी समाधान गर्ने,

(ज) स्थानीय तहका साथै अन्य सम्वद्ध निकायहरुसँग सहयोगका लागि समन्वय गर्ने,

(झ) विद्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि उत्पादन तथा सेवा इकाइको स्थापना गर्ने,

(ञ) विद्यार्थीले गरेको आम्दानीको निश्चित अंशबाट कोषवृद्धि योजना बनाई लागू गर्ने,

(ट) व्यवसाय शुरुवात (स्टार्ट अप विजनेश) तालिम सञ्चालन गर्ने, ।

(ठ) खरिद विक्री केन्द्र स्थापनाको लागि स्थानीय तहसँग सहकार्य गर्ने,

(ड) वर्षभरिमा भएका कामको उपलब्धी समेटिएको बुलेटिन तयार गरी केन्द्रमा पठाउने ।

२३. **<u>विद्यालयको प्रधानाध्यापकको भूमिका</u>** : कार्यक्रम सञ्चालन गर्न छनोट भएका विद्यालयको प्रधानाध्यापकको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयको व्यावसायिक योजना बनाई विद्यार्थीको व्यावसायिक क्लब तथा व्यावसायिक सिकाइ समूह गठन गर्ने,

(ख) गठन भएका व्यावसायिक सिकाइ समूहलाई जिम्मेवारी बाँडफाँड सहित क्रियाशील बनाउने,

(ग) विद्यालयबाट तोकिए बमोजिमको समयमा पढाइसँगै उत्पादन तथा सेवा इकाइ वा सोसँग सम्बन्धित गतिविधिमा विद्यार्थी परिचालन गर्ने,

(घ) आवश्यकता अनुसार उत्पादन तथा सेवा इकाइ गठन गरी विद्यालयका शिक्षक/प्रशिक्षकहरुमध्येबाट इकाइ संयोजक, उत्पादन प्रमुख र बजारीकरण प्रमुख तोकी नियमित प्रशिक्षण कार्यको अतिरिक्त उत्पादन तथा सेवा इकाइसँग सम्वन्धित कार्यहरु समेत गर्ने गरी जिम्मेवारी दिने,

(ङ) समय समयमा स्थानीय उद्योगी व्यवसायीसँग अन्तरक्रिया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना लिई बजार प्रवर्द्धन गर्ने,

(च) व्यावसायिक समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाव राख्ने, राख्न लगाउने,

(छ) कार्यक्रमलाई निरन्तरता प्रदान गर्न विद्यालयमा जोडकोषको व्यवस्था गरी उक्त कोषबाट विद्यार्थीलाई पढ्दै कमाउँदै गर्न बीउ पूँजी उपलब्ध गराउने,

(ज) कमाइसँगै उक्त रकम विद्यार्थीबाट किस्ताबन्दीको रुपमा विद्यालयको कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने,

(ठ) कार्यक्रम प्रगति प्रतिवेदन नियमित रुपमा स्थानीय तहमा पेश गर्ने,

(ड) विद्यार्थीले तयार गरी पेश गरेको परियोजना कार्यको प्रतिवेदनको अभिलेख व्यवस्थित गर्ने,

(ढ) विद्यालयसँग सम्वन्धित तथ्याङ्क एवं विवरणलाई नियमित रुपमा अद्यावधिक गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि गर्ने,

(ढ) विद्यार्थीको कार्यको नियमित अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्ने ।

२४. **<u>शिक्षक तथा प्रशिक्षकको भूमिका</u>** : कार्यक्रम सञ्चालन भएका विद्यालयको शिक्षक तथा प्रशिक्षकको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) आफ्नो विषयमा सिकाइलाई उत्पादनसँग जोड्ने गरी पाठ्यक्रमले तोके बमोजिम सिकाइ उपलब्धिका क्षेत्रमा प्रशिक्षण अभ्यास योजना तयार गरी कार्य गर्ने, गराउने,

(ख) पाठ्यक्रमसँग सम्बन्धित हुने गरी परियोजना कार्यहरु गर्ने, गराउने र यस्ता परियोजना कार्यलाई प्रयोगात्मक मूल्याङ्कनसँग आवद्ध गर्ने,

(ग) विद्यालयले निर्धारण गरेको समयमा उत्पादन तथा सेवा इकाइमा आवद्ध विद्यार्थीलाई सहजीकरण गर्ने,

(घ) विद्यार्थीहरुलाई सिकाइ सामग्री सहित विभिन्न उपयोगी वस्तु तथा सेवा उत्पादन र विक्री वितरणका लागि प्रोत्साहित गर्ने,

(ङ) विद्यार्थीलाई व्यावसायिक बनाउन सहयोग एवम् सहजीकरण गर्ने,

(च) विद्यार्थीहरुलाई वस्तु तथा सेवाको उत्पादन तथा बजारीकरणका लागि आवश्यक राय, सल्लाह र सुझाव दिने,

(छ) विद्यालय व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने ।

२५. **उत्पादन तथा सेवा इकाइको भूमिका**: विद्यालयमा स्थापना हुने उत्पादन तथा सेवा इकाइको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयमा सञ्चालित कार्यक्रमबाट उत्पादन गर्न सकिने वस्तु तथा सेवाहरुको सूची निर्माण गर्ने,

(ख) विद्यालयमा सञ्चालन हुने प्रयोगात्मक अभ्यासको विवरण, त्यस्तो प्रयोगात्मक अभ्यासबाट उत्पादन हुने वस्तु वा सेवा तथा सोका लागि आवश्यक कच्चा पदार्थको विवरण संकलन गर्ने,

(ग) इकाइबाट उत्पादन गर्न सकिने सम्भावित वस्तु वा सेवाको बजार मागको अध्ययन तथा विश्लेषण गर्ने गराउने,

(घ) बजार माग र उत्पादित वस्तु वा सेवाबीच संख्यात्मक एवम् गुणात्मक अन्तर पहिचान गरी आवश्यक स्रोत साधन एवम् जनशक्ति व्यवस्थापन तथा परिचालन गर्ने गराउने,

(ङ) प्रशिक्षणका लागि आवश्यक खर्च, बिक्री योग्य तयारी वस्तुको उत्पादन लागत एवम् नाफा तथा नोक्सानको अनुमान गर्ने गराउने,

(च) वस्तु वा सेवाको उत्पादनका लागि विस्तृत व्यावसायिक योजना तयार गरी स्वीकृतिका लागि विद्यालय प्रशासन समक्ष पेश गर्ने,

(छ) प्रशिक्षक एवम् विद्यार्थीहरुको समूहलाई वस्तु तथा सेवाको उत्पादन र विक्री वितरणको लागि कार्ययोजना तयार गर्ने गराउने,

(ज) उत्पादन तथा सेवा इकाइबाट उत्पादन हुन सक्ने उत्पादनका नवीनतम संभावनाहरुका वारेमा समय समयमा छलफल गर्ने, गराउने ।

२६. **विद्यार्थीको भूमिका** : कार्यक्रममा सहभागी हुने विद्यार्थीको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयमा गठन भएको व्यावसायिक सिकाइ समूहमा आवद्ध रही विद्यालयबाट तोकिए बमोजिमको समयमा सिकाइसँगै उत्पादन तथा सेवा इकाइ वा सोसँग सम्बन्धित गतिविधिमा संलग्न रही सक्रियताका साथ कार्य गर्ने,

(ख) विद्यालयमा सामूहिक तथा व्यक्तिगत व्यावसायिक योजना बनाई कार्यान्वय गर्ने,

(ग) व्यावसायिक समूह बीचको आपसी समन्वयमा बाँडफाँड भएको जिम्मेवारी बहन गर्ने,

(घ) समय समयमा स्थानीय कृषक एवं उद्योगी व्यावसायीहरुसँग भेटघाट, अन्तरक्रिया गरी उत्पादन तथा सेवाको बजार सम्वन्धी सूचना सङ्कलन गर्ने तथा सम्वन्धित विषयमा स्थानीय स्तरमा आवश्यक प्राविधिक सहायता उपलव्ध गराउने,

(ङ) आ-आफ्नो समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाब राख्ने एवं सो कार्यका लागि विद्यालयलाई सहयोग गर्ने,

(च) आफू संलग्न रहेको व्यावसायिक परियोजना कार्यको प्रतिवेदन तयार गरी विद्यालयमा पेश गर्ने,

(छ) विहान वेलुकाको समयमा आफ्नै घरजग्गामा समेत कृषिजन्य वस्तु उत्पादन गर्ने तथा विद्यालयमा वा विद्यालयमार्फत बजारमा विक्री गर्ने ।

## परिच्छेद-५
## कार्यक्रमको अनुगमन, निरीक्षण र प्रतिवेदन

२७. **कार्यक्रमको अनुगमन तथा निरीक्षण सम्वन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम छनौट भई अनुदान प्राप्त गर्ने विद्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण नेपाल सरकार, प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय, केन्द्र तथा सम्बन्धित स्थानीय तहले आवश्यकता अनुसार गर्न सक्नेछ।

(२) यस कार्यविधि बमोजिम छनोट भई अनुदान प्राप्त गर्ने विद्यालयबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्ने दायित्व विद्यालय व्यवस्थापन समिति हुनेछ।

(३) अनुगमन तथा निरीक्षणका क्रममा दिइएका सुझाव कार्यान्वयन गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ।

२८. **प्रतिवेदन पेश गर्नु पर्ने:** (१) यस कार्यविधि बमोजिम छनौट भई अनुदान प्राप्त गर्ने विद्यालयले सम्बन्धित स्थानीय तहमा कार्य सम्पन्न प्रतिवेदन तथा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित ढाँचामा पेश गर्नु पर्नेछ।

(३) विद्यालयले वार्षिकरुपमा कार्य सम्पन्न प्रतिवेदन बुलेटिनको रुपमा तयार गरी स्थानीय तह तथा केन्द्रमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त विवरणको आधारमा केन्द्रले एकीकृत वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

२९. **सामाजिक परीक्षण:** (१) यस कार्यविधि बमोजिम छनौट भएका विद्यालयबाट सम्पन्न भएको कार्यक्रमको सम्बन्धित विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सामाजिक परीक्षणको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

३०. **कार्यक्रमबाट खर्च हुने:** केन्द्रले कार्यक्रममा विनियोजन भएको बजेट मध्येबाट कार्यक्रम सञ्चालन कार्यविधि निर्माण, समिति र प्राविधिक समितिको बैठक सञ्चालन, विद्यालय छनोट, राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन लेखन कार्यमा खर्च गर्न सक्नेछ।

३१. **उत्पादन तथा सेवा इकाइ र खरिद बिक्री केन्द्र :** विद्यालयले आवश्यकता अनुसार सम्बन्धित प्रशिक्षक, व्यवसायी समूहका विद्यार्थीसमेत संलग्न गरी उत्पादन तथा सेवा इकाई गठन गर्न सक्नेछ ।

(२) विद्यालयले आवश्यकता अनुसार उत्पादित सामाग्रीको लागि विक्री गर्ने समेतको प्रयोजनको लागि आवश्यकता अनुसार खरिद विक्री केन्द्रको स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

३२. **प्रचलित कानून बमोजिम हुने:** यस यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयले कार्यक्रमसँग सम्वन्धित विभिन्न कार्यहरु गर्दा तथा रकम भुक्तानी एवं फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन,२०६३, सार्जनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित नेपाल कानून प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

३३. **वस्तु तथा सेवाको बिक्री मूल्य निर्धारण** : उत्पादन तथा सेवा इकाईबाट उत्पादित वस्तुहरुको बिक्री मूल्य निर्धारण गर्ने कार्यका लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी वस्तुको स्थानीय उद्योग, व्यावसाय र उत्पादकसँगको समन्वयमा ब्रान्डिङ, बजारीकरण र मूल्यनिर्धारण गर्न सकिनेछ ।

३४. **भण्डारण गर्नु पर्ने** : विद्यालयले उत्पादन तथा सेवा इकाइबाट उत्पादित वस्तुहरुको गुणस्तरमा असर नपुग्ने गरी सुरक्षित भण्डारण गर्नु पर्नेछ ।

३५. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लिखिएको विषयमा यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची -१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**पढ्दै कमाउँदै कार्यक्रममा अनुदान सहयोगको लागि विद्यालयले पेश गर्ने आवेदन फाराम**

### १. विद्यालयको विवरण

विद्यालयको नाम:.............................................................................................

विद्यालयको प्रकार: साधारण/ प्राविधिक धार / टेक्स कार्यक्रम सञ्चालित विद्यालय

ठेगाना :

प्रदेश: ........................................ जिल्ला :.....................................

स्थानीय तह : ............................... वडा नं.......................

टोल : ......................................

फोन नं. :.....................................................................

इमेल:..................................................................... वेव साइट.........................................

स्थापना मिति :............................................विद्यालयको IEMIS कोड:………………..

प्राविधिक शिक्षा सञ्चालन मिति :.................................

### २. पूर्वाधार सम्बन्धी जानकारी

### २.१ जग्गा सम्वन्धी विवरण

| क्र स | कित्ता नं | क्षेत्रफल | जग्गाको स्वामित्व | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |

### २.२ भवन सम्वन्धी विवरण

| क्र स | भवन संख्या | | कोठा संख्या | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | पक्की | | | | |
| २ | कच्ची | | | | |

२.३ यन्त्र उपकरण सम्वन्धी विवरण (प्रविधिक धारको कार्यक्रम सञ्चालित विद्यालयको हकमा)

| क स | यन्त्र उपकरणको नाम | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रयोगमा रहेको | प्रयोगमा नरहेको | | |
| | | | प्रयोगमा ल्याउन सकिने | प्रयोगमा ल्याउन नसकिने | |
| १. | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

२.४ अस्थायी संरचना सम्वन्धी विवरण (पोखरी, टहरा, गोठ, कटेज, खोर, स्टल, वर्कसप आदि)

| क स | विवरण | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

*<u>**द्रष्टव्य**</u> : विवरण अन्तर्गत आवश्यकता अनुसार कोठा थप गर्न सकिनेछ ।

**३. शिक्षक/ प्रशिक्षक कर्मचारी सम्बन्धी विवरण**

| क. स. | नाम | तह/श्रेणी | शैक्षिक योग्यता | शिक्षण/प्रशिक्षण कार्यको अनुभव (वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

४. विद्यार्थी  सम्वन्धी विवरण  (पछिल्लो दुई शैक्षिक सत्र )

| क्र स | जम्मा विद्यार्थी विवरण | शैक्षिक सत्र ..... ....... | | शैक्षिक सत्र ..... ....... | |
|---|---|---|---|---|---|
| | | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी |
| १ | कक्षा १-५ | | | | |
| २ | कक्षा ६-८ | | | | |
| ३ | कक्षा ९-१२ साधारण धार | | | | |
| ४ | बाली विज्ञान | | | | |
| ५ | पशु विज्ञान | | | | |
| ६ | सिभिल इन्जिनियरिङ | | | | |
| ७ | कम्प्युटर इन्जिनियरिङ | | | | |
| ८ | इलेक्ट्रिकल इन्जिनियरिङ | | | | |
| ९ | विपन्न समुदायका | | | | |

**५. देहायमा प्रत्येक शीर्षकहरुमा औचित्य सहितको विवरण प्रस्तुत गर्नु होला ।**

(क) **विद्यालयमा वस्तु उत्पादन तथा सेवा प्रदान गरी आय आर्जन गर्न सम्भव देखिएका पेशा तथा उपरोक्त पेशामा उत्पादन गर्न सकिने वस्तु तथा सेवाको सूची ।**

.................................................................................................................................................

(ख) **पढदै कमाउदै कार्यक्रममा सहभागी हुने विपन्न समुदायका विद्यार्थी तथा अन्य इच्छुक विद्यार्थीको विवरण, उनीहरुबाट उत्पादन हुनसक्ने बस्तु तथा सेवा र ती सामग्रीको विक्रि वितरणको सम्भाव्यता।**

(ग) **उपर्युक्त वस्तु तथा सेवाको उत्पादन तथा बिक्रीका लागि आवश्यक भौतिक पूर्वाधार तथा उक्त पूर्वाधार निर्माण तथा संयोजन गर्ने योजना ।** (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि विज्ञता, भौतिक पूर्वाधार तथा औजार/ उपकरण मध्ये विद्यालयमा उपलव्ध हुने, खरिद गर्नुपर्ने तथा लिजमा लिन सकिने सम्वन्धी खरिद गर्नुपर्ने भए सो अनुमानित लागत समेत खुल्नुपर्ने।)

.................................................................................................................................................

(घ) **प्रस्तावित वस्तु तथा सेवाको उत्पादनको लागि आवश्यक कच्चा पदार्थ तथा उत्पादित वस्तु तथा सेवाको बजारको पहिचान तथा विश्लेषण ।** (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि आवश्यक कच्चा पदार्थ उपलव्ध हुने स्थान/प्राप्त गर्ने तरिका, विद्यालयसम्म ल्याउने उपाय तथा लाग्ने अनुमानित खर्च समेत खुलाउनु पर्ने तथा उत्पादित वस्तु तथा सेवा बिक्रीका लागि गर्नुपर्ने पहलहरु : विद्यालयबाटै बिक्री हुने, बजारसम्म लानुपर्ने वा बजारको लागि बिशेष पहल गर्नुपर्ने विषय समेत खुलाएर बजार पहिचान तथा विश्लेषण गर्नुपर्ने)

.................................................................................................................................................

**(ङ) उल्लिखित कार्यक्रमका लागि स्थानीय तह, स्थानीय समुदाय एवम् अभिमावकहरुबाट हुन सक्ने वा लिन सकिने सहयोगको विषय ।**

.......................................................................................................................................................................................................

**६. प्रस्तावित कार्यक्रमका लागि अनुदान माग गरेको विषय क्षेत्र प्रष्ट खुल्ने गरी पूर्वाधार निर्माण वा सञ्चालन गर्ने अन्य क्रियाकलाप तथा खर्चको अनुमान सहितको कार्य योजना आवेदनका साथ संलग्न राखुपर्नेछ ।**

| | |
|---|---|
| नाम : ...................... | नाम : ................... |
| हस्ताक्षर .................. | हस्ताक्षर: ............... |
| पद : प्र.अ. | पद : वि.व्य.स. अध्यक्ष |
| मिति: ....................... | मिति: .................... |

<u>संलग्न कागजातः</u>

(क) स्थानीय तहबाट कार्यक्रमका लागि आवश्यक सहयोगको प्रतिवद्धता, स्थानीय तहमा सम्बन्धित वस्तु तथा सेवा उत्पादन गर्ने व्यावसायिक फर्महरु भए नभएको खुल्ने गरी स्थानीय आवश्यकताको विश्लेषण सहितको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि,

(ख) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) कार्यरत शिक्षक/प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण,

(घ) विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा वा भोगाधिकार प्राप्त प्रमाण वा लिजमा प्रयोग गर्ने भए सम्झौतापत्रको प्रतिलिपि,

(ङ) प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टी हुने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि,

(च) अन्य सम्वद्ध कागजातहरु ।

## अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**विद्यालय छनोटका लागि मूल्याङ्कनका आधारहरु**

### १. कार्यसम्पादनसँग सम्बन्धित सूचकहरु

४०

| आधारहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| १. यस अघि पढ्दै कमाउँदै सम्वन्धी कार्यक्रम सञ्चालन वा यस प्रकारको अभ्यास | भएको | १० | नभएको | ० | | |
| २.प्रयोगात्मक अभ्यासको सिलसिलामा वस्तु तथा सेवाको परीक्षण उत्पादन | भएको | ५ | नभएको | ० | | |
| ३. शिक्षा ऐन नियमावलीले तोकेबमोजिमको शिक्षक प्रशिक्षक | भएको | १० | नभएको | ० | | |
| ४. विद्यार्थी संख्या | शिक्षा नियमावलीमा तोकिएको न्यूनतम संख्या वा सो भन्दा बढी भए | १० | शिक्षा नियमावलीमा तोकिएको न्यूनतम संख्या भन्दा न्यून भए | ३ | | |
| ५.सम्बन्धित विषयको प्रयोगशाला / कार्य क्षेत्र/फिल्ड | भएको | ५ | नभएको | ० | | |

### २. पूर्वाधारसँग सम्बन्धित सूचकहरू

३५

| सूचकहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| १. उत्पादन तथा सेवा इकाइ सञ्चालनका पर्याप्त भवन वा कोठाको उपलब्धता । | उपलव्ध भएको | १० | भाडामा लिएर व्यवस्थापन हुन सक्ने । | ७ | थप निर्माण गर्नु पर्ने | ५ |

| सूचकहरु | अवस्था | अङ्क | अवस्था | अङ्क | अवस्था | अङ्क |
|---|---|---|---|---|---|---|
| २. दरबन्दी वा अनुदान कोटाका शिक्षक प्रशिक्षकको उपलब्धता । | पूर्ण उपलब्धता भएको | ५ | पचहत्तर प्रतिशत उपलब्ध भएको | ३ | पचहत्तर प्रतिशत भन्दा कम सङ्ख्यामा उपलव्ध भएको | २ |
| ३. उत्पादन तथा सेवा इकाइ सञ्चालनका लागि आवश्यक औजार तथा उपकरणहरु विद्यमान रहे नरहेको अवस्था एवम् प्रयोगको सम्भावना । | पर्याप्त रुपमा उपलव्ध रहेको | १० | भाडामा लिन सम्भव भएको | ७ | उपलव्ध हुन नसक्ने | ० |
| ४. स्थानीय तह वा प्रदेशले लागत साझेदारीका लागि प्रतिवद्धता जनाएको नजनाएको । | जनाएको | १० | नजनाएको | ० | | |

**३. बजारीकरणसँग सम्बन्धित सूचकहरु**

**२०**

| सूचक | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क |
|---|---|---|---|---|---|---|
| १. उत्पादनको बिक्रीका लागि सम्भाव्य बजारको प्रकार । | स्थानीय बजार | १० | अन्य बजार | ७ | | |
| २. उत्पादनको बजारीकरणको प्रकृति । | इकाइबाट नै बिक्री हुने अवस्था रहेको । | १० | बजारसम्म पुऱ्याउनु पर्ने | ३ | बजारका लागि विशेष पहल गर्नुपर्ने अवस्था | २ |

**४. आवश्यकतासँग सम्वन्धित सूचकहरु**

**५**

| सूचक | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क | सम्पादन सूचक | अङ्क |
|---|---|---|---|---|---|---|
| १ भौगोलिक तथा स्थानीय परिवेश सुहाउँदो (शहरी क्षेत्रमा सेवा र ग्रामीण क्षेत्रमा कृषि वा पशुलाई प्राथमिकतामा राखी) व्यावसायिक क्रियाकलाप सञ्चालन भएको अवस्था। | भएको | ५ | आंशिक रहेको | ३ | पर्याप्त नरहेको | २ |

<u>**द्रष्टव्य**</u> : सूचक अन्तर्गत उल्लेखित कुनै पनि अवस्था आकर्षित भएको/नभएको अवस्थामा शून्य अङ्क दिइनेछ ।